# राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०८१

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

# राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०८१

प्रस्तावना: आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेटमा समावेश भएको राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन तथा राष्ट्रिय अर्थतन्त्रमा महिलाको योगदान बढाउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा(२) ले दिएको अधिकार प्रयोग गरी कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ग) "महिला उद्यमी" भन्नाले स्थानीय स्रोत, साधन र सीपको प्रयोग गर्दै आफ्नो स्वामित्वमा उद्योग/व्यवसाय सञ्चालन गरी अन्य व्यक्तिलाई समेत पूर्ण वा आंशिक रोजगारी प्रदान गर्ने महिला सम्झनुपर्छ।

३. पुरस्कार प्रदान गरिने: (१) सातै प्रदेशका एक/एक जना उद्यमशील महिलालाई निजले उद्यमशीलताको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै राष्ट्रिय महिला अधिकार दिवसका दिन पुरस्कार र सम्मानपत्र प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कारको राशि प्रति व्यक्ति रु. १,००,०००/- (अक्षरेपी रु. एक लाख) मात्र हुनेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने सम्मानपत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।



मा. नवल किशोर साह सुडी
मन्त्री

४. सूचना प्रकाशन गर्ने: (१) मन्त्रालयले पुरस्कार वितरण गर्ने प्रयोजनको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा पन्ध्र दिनको समय दिई सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनाको जानकारी महिला उद्यमी महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ तथा प्रदेश सामाजिक विकास मन्त्रालयलाई दिनुपर्नेछ। सो सूचना मन्त्रालयको वेबसाइटमा समेत राख्नुपर्नेछ।

५. आवेदन पेश गर्ने: पुरस्कार प्राप्त गर्न योग्यता पुगेका महिला उद्यमीले दफा ४ बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र अनुसूची-२ बमोजिमको आवेदनको ढाँचामा उल्लिखित कागजात संलग्न गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

६. योग्यता: देहाय बमोजिमको योग्यता पूरा गरेका नेपाली महिला उद्यमी पुरस्कार प्राप्त गर्नको लागि योग्य मानिनेछन्:-

(क) आफ्नै नामबाट उद्योग दर्ता गरी विगत तीन वर्षदेखि निरन्तर रूपमा उद्योग/व्यवसाय सञ्चालन गरेको,

(ख) स्थानीय स्तरमा रोजगारी सिर्जना गरेको,

(ग) श्रम सम्वन्धी प्रचलित कानूनहरूको पालना गरेको र लैङ्गिक मैत्री वातावरण कायम गराएको,

(घ) स्थानीय स्रोत, साधन र सीपको उपयोग गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुऱ्याएको,

(ङ) उत्पादित वस्तु तथा सामग्री स्वदेश वा विदेशमा बिक्री वा निर्यात गर्ने गरेको,

(च) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

७. सिफारिस समिति: (१) दफा ५ बमोजिम प्राप्त आवेदन मूल्याङ्कन गरी पुरस्कारको लागि मन्त्रालय समक्ष सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ।

(क) सहसचिव, महिला सशक्तीकरण महाशाखा -संयोजक

(ख) उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ग) उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य



मा. नवल किशोर साह सुडी
मन्त्री

(घ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(ङ) इकाई प्रमुख, राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाई -सदस्य सचिव

समितिले आवश्यकता अनुसार प्रतिनिधि आमन्त्रण गर्न सकनेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले अनुसूची-३ मा उल्लेख भए बमोजिमको आधारमा प्राप्त आवेदनको मूल्याङ्कन गर्नेछ।

(३) सिफारिस समितिले उपदफा (२) बमोजिम आवेदन मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सातजना (प्रत्येक प्रदेशबाट एक/एक जना पर्ने गरी) महिला उद्यमी छनौट गरी निर्णयको लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम पुरस्कारको लागि महिला उद्यमी छनौट तथा सिफारिस गर्दा निष्पक्ष तथा पारदर्शी रूपमा गर्नुपर्नेछ।

८. <u>जानकारी गराउने:</u> मन्त्रालयले दफा ७ बमोजिम पुरस्कारको लागि छनौट भएका महिला उद्यमीको नामावली जानकारीको लागि मन्त्रालयको वेवसाइटमा राखेछ।

९. <u>छनौट प्रक्रियामा समावेश नगरिने:</u> मन्त्रालयबाट यसभन्दा पहिले पुरस्कार प्राप्त गरिसकेका महिला उद्यमीलाई छनौट प्रक्रियामा समावेश गरिनेछैन।

१०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

मा. नवल किशोर साह सुडी
मन्त्री

अनुसूची -१
(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)
सम्मानपत्रको ढाँचा

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# सम्मानपत्र

श्री .................
.................. ।

तपाईले ...................स्थापना गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्दै आर्थिक विकास र समृद्धिमा पुऱ्याउनु भएको विशिष्ट योगदानको सम्मान र उच्च मूल्याङ्कन गर्दै ........ प्रदेशबाट उत्कृष्ट महिला उद्यमीको रूपमा छनौट भई ..... राष्ट्रिय महिला अधिकार दिवस, ... को सुअवसरमा "राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार, ......." बाट सम्मानित हुनु भएकोमा पुरस्कार स्वरूप नगद रु. १,००,०००/- (अक्षरेपी रु. एक लाख) सहित यो सम्मानपत्र प्रदान गरिएको छ ।

पुरस्कृत हुनु भएकोमा हार्दिक बधाइ ज्ञापन गर्दै आगामी दिनमा पनि यहाँको सक्रिय योगदानको अपेक्षा र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

| | | |
|---|---|---|
| ......................... | ......................... | ......................... |
| सहसचिव | सचिव | मन्त्री |
| | मिति: | |

मा. नवल किशोर साह सुडी
मन्त्री

५

मा. नवल किशोर साह सुडी
मन्त्री

अनुसूची -२
(दफा ५ सँग सम्बन्धित)
**आवेदनको ढाँचा**

फोटो

श्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः पुरस्कारका लागि आवेदन पेश गरेको सम्बन्धमा।

महोदय,

नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति ............ मा प्रकाशित सूचना बमोजिम राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कारको लागि देहायबमोजिमको विवरण तथा कागजात संलग्न गरी यो आवेदन पेश गरेको छु ।

१. नाम थरः (क) नेपालीमा - (ख) अंग्रेजीमा -
२. ठेगानाः (क) अस्थायी ठेगाना- (ख) स्थायी ठेगाना- सम्पर्क नं. इमेल ठेगानाः
३. उद्योग व्यवसायको नामः
४. उद्योग/व्यवसायको विवरणः
५. उद्योगको प्रकृति र कार्यक्षेत्रः
६. भौगोलिक कार्यक्षेत्रः जिल्ला/महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका.........

संलग्न कागजातहरुः

(क) उद्योग संचालकको नागरिकताको प्रतिलिपि,
(ख) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) पछिल्लो आर्थिक वर्षको करचुक्ता गरेको प्रमाण/रसिद,
(घ) उद्योग नवीकरण गरेको कागजात,
(ङ) उद्योग व्यवसायको गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र लेखापरीक्षणको प्रतिलिपि,
(च) रोजगारी प्रदान गरेको विवरण/संख्या,
(छ) रोजगार प्राप्त गर्नेको प्रमाणित तलबी प्रतिवेदन (कम्तिमा पछिल्लो ६ महिनाको)
(ज) उद्योगमा प्रयोग हुने कच्चा पदार्थको विवरण/संख्या,
(झ) स्थानीय तहको सिफारिस (निरन्तर सञ्चालन भएको)

माथि उल्लिखित व्यहोरा तथा कागजात ठीक साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

..........................
निवेदकको नाम र दस्तखत



मा. नवल किशोर साह सुडी
मन्त्री